नियम नं. ४

# भूमे गाउँपालिका

# स्वयंसेवा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७४

कार्यपालिकाबाट स्वीकृत मितिः – **२०७४।०८।२७**

## भूमे गाउँपालिका

## रुकुम (पूर्व)

# भूमे स्वयंसेवा (व्यवस्थापन तथा परिचालन) नियमावली, २०७४

**प्रस्तावनाः**

आफ्नो व्यक्तिगत हित र स्वार्थभन्दा माथि उठेर सामूहिक वा संस्थागत विकासका लागि स्वतःस्फूर्त रुपमा योगदान गर्नका लागि भएको अग्रसर जनशक्तिबाट गाउँपालिकाको भौतिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउन समूहमा मिलेर काम गर्ने, एकआपसमा सहयोग आदान प्रदान गर्ने जस्ता सामाजिक एकतालाई प्रवर्द्धन गर्न,

नेपाली समाजमा परापूर्व कालदेखि नै अभ्यासमा रहेको स्वंसेवाकै अर्को रुप समुदायमा आधारित कार्यहरु जस्तो झारा, पर्म, बाटो बनाउने, बिसौनी निर्माण गर्ने, चौपारी बनाउने, साँघु हाल्ने, कुलो खन्ने, धर्मशाला निर्माण गर्ने जस्ता सामाजिक कार्यहरुलाई समेत एकीकृत गरी गाउँपालिकाको बहुपक्षीय विकासमा स्वयंसेवा मार्फत न्यून पूँजी गरिचालनबाट अधिकतम् विकासमा योगदान पुऱ्याउने जनशक्तिलाई व्यवस्थित गर्न बाञ्छनीय भएकाले,

भूमे गाउँपालिकाको भूमे स्वयंसेवा (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७४ को दफा ...... ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०७४/१०/१६ को बैठकबाट स्वीकृत गरी यो नियमावली जारी गरिएको छ ।

## परिच्छेद एक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम **"भूमे स्वयंसेवा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७४"** रहेको छ ।

(२) यो नियमावली गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

अ) **स्वयंसेवक** भन्नाले आफ्नो व्यक्तिगत हित र स्वार्थभन्दा माथि उठेर सामूहिक वा संस्थागत विकासका लागि स्वतःस्फूर्त रुपमा योगदान गर्नका लागि भएको अग्रसरता भई गाउँ कार्यपालिकाको कार्यालयबाट स्वयंसेवक भनी नियुक्त व्यक्ति, समूह/संस्थालाई सम्झनुपर्दछ।

आ) **ऐन** भन्नाले भूमे स्वयंसेवा ऐन, २०७४ लाई सम्झनुपर्दछ।

इ) **नियमावली** भन्नाले भूमे स्वयंसेवा (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७४ लाई सम्झनु पर्दछ।

ई) **गाउँपालिका** भन्नाले भूमे गाउँपालिकालाई सम्झनु पर्दछ। सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ।

उ) **गाउँसभा** भन्नाले भूमे गाउँ सभालाई सम्झनु पर्दछ।

ऊ) **अध्यक्ष** भन्नाले भूमे गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

ऋ) **उपाध्यक्ष** भन्नाले भूमे गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

ऌ) **गाउँ कार्यपालिका** भन्नाले भूमे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ऍ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले भूमे गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ऎ) **इन्जिनियर** भन्नाले भूमे गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ । सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ ।

ए) **संयोजक** भन्नाले स्वयंसेवा कार्यक्रमको संयोजकलाई सम्झनुपर्दछ ।

ऐ) **कार्यालय** भन्नाले भूमे गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ऑ) **निर्वाह भत्ता** भन्नाले भूमे कार्यपालिकाबाट स्वीकृत पद वा कार्यक्रममा सेवा वा योगदान गरेवापत उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ ।

ऒ) **समिति** भन्नाले यस नियमावली बमोजिम गठित विभिन्न समितिहरु सम्झनुपर्दछ ।

## परिच्छेद दुई

## संस्थागत एवं कार्यान्वयन सम्बन्धी व्यवस्था

**३. संस्थागत व्यवस्थाः** स्वयंसेवक सेवा कार्यक्रमलाई स्वयं सेवा र स्वयंसेवक परिचालन सम्बन्धी नीतिगत मार्गदर्शन गर्न तथा कार्यक्रम सञ्चालनलाई व्यवस्थापकीय निर्देशन दिन देहाय अनुसारको निर्देशक समिति रहनेछः

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| उपाध्यक्ष | - सदस्य |
| विषयगत समितिका संयोजकहरु | - सदस्य |
| कार्यकारी अधिकृत | - सदस्य सचिव |

**३. कार्यान्वयन सम्बन्धी व्यवस्थाः** (१) स्वयंसेवक सेवा कार्यक्रमलाई आवश्यकतामा आधारित कार्यान्वयन र व्यवस्थापन गर्न गाउँपालिकामा देहाय बमोजिमको कार्यकारी समिति रहनेछ ।

| | |
|---|---|
| कार्यकारी अधिकृत | - संयोजक |
| सामान्य प्रशासन शाखा प्रमुख | - सदस्य |
| आर्थिक विकास शाखा प्रमुख | - सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | - सदस्य |
| राजश्व तथा आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख | - सदस्य |
| संयोजक, स्वयंसेवक परिचालन | - सदस्य |
| प्रशासन शाखा हेर्ने ना.सु./खरिदार | - सदस्य सचिव |

(२) स्वयंसेवकहरुको क्रियाकलाप, नियमित प्रगति, परिचालन लगायतको व्यवस्थापन, अनुगमन, मूल्याङ्कन लगायतको लगत राखी अभिलेखिकरण तथा स्वयंसेवकहरुको मूल्याङ्कन गर्न गाउँ कार्यपालिकामा रहने गरी एक स्वयंसेवक संयोजक रहनेछ ।

**५. कार्यक्रम सञ्चालनका आधारहरुः** भूमे स्वयंसेवा कार्यक्रम सञ्चालनका आधारहरु देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाको योजना
ख) वार्षिक बजेट, नीति तथा कार्यक्रम
ग) स्वीकृत वार्षिक विकास कार्यक्रम
घ) दातृ निकायसँगको सहकार्य र सम्झौताहरु
ङ) गाउँसभा तथा गाउँ कार्यपालिकाबाट प्रत्यायोजित अन्य अधिकारहरु

## परिच्छेद ३

## स्वयंसेवक व्यवस्थापन र परिचालन

**६ परिचालनको विषय क्षेत्रः** स्वयंसेवा कार्यक्रम अन्तर्गत स्वयंवेकहरु परिचालन गर्दा देहायका विषय क्षेत्रहरुमा आवश्यकता र औचित्यता तथा प्रभावकारिताका आधारमा संख्या निर्धारण गरी परिचालन गर्नुपर्नेछ ।

क) नियमित सार्वजनिक सेवा प्रवाहमा गुणस्तर कायम
ख) सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तार
ग) शैक्षिक गुणस्तर कायम
घ) अध्ययन अनुसन्धान
ङ) सूचना तथा सञ्चार प्रवर्द्धन
च) कृषि, पशु सेवा
छ) विपद् व्यवस्थापन
ज) विविध

**७ भर्ना प्रकृया**

**(क) सूचीकरण**

कुनै पनि व्यक्ति स्वयंसेवक परिचालन कार्यक्रम अन्तर्गत स्वयंसेवकको रुपमा काम गर्न सम्बन्धित कामको जिम्मेवारीका लागि प्रमाणित योग्यता सहित सूचीकृत हुनु अनिवार्य छ। इच्छुक आवेदकहरुको सूचीकरण कार्य शुरू गर्नुअघि सम्बन्धित विषय क्षेत्र र पदको लागि आवश्यक जनशक्तिको कोटा निर्धारण गर्नेछ । सूचीकरण प्रक्रिया निम्नानुसार हुनेछः

I. सूचीकरणका लागि आवेदन मागको सूचना प्रकाशन
II. उम्मेदवारहरुको आवेदन दर्ता एवं संकलन
III. प्राप्त आवेदनहरु रूजु एवं स्वीकृति/अस्वीकृति
IV. स्वीकृत आवेदनहरुको सूची तयारी र प्रकाशन

**(ख) छनौट**

सशक्त भूमे स्वयंसेवक सेवा कार्यक्रममा सहभागी हुने जनशक्तिको छनौट विधि योग्यता प्रणालीलाई अवलम्बन गरेर गरिनेछ । उम्मेदवारको दक्षता मापन तथा छनौट विधि सामान्यतया देहाय बमोजिम हुनेछः

i. सूचीकृत आवेदकहरु मध्येबाट काम गर्न इच्छुक, तत्पर र सक्षम उम्मेदवार
ii. योग्यता र अनुभवका आधारमा विषयक्षेत्रगत तथा पदगत सन्तुलन
iii. समावेशी प्रणालीमा आधारित शैक्षिक योग्यता र परीक्षाको प्राप्ताङ्कका आधारमा योग्यताक्रम
iv. संवेदनशील एवं विशेष अवस्थामा प्रथम सूचिकरणबाट आवश्यकतानुसार परिचालन गरिने ।

**८. स्वयंसेवक परिचालनका पदहरु/कार्यरत रहने संस्थाहरुः** (१) स्वयंसेवा पदमा कार्यरत रहने जनशक्तिको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता देहाय बमोजिम हासिल गरेको हुनुपर्नेछ ।

| **क्र.सं.** | **पद** | **न्यूनतम् योग्यता** | **कार्य क्षेत्र** |
|---|---|---|---|
| १) | स्वयंसेवक संयोजक | स्नातक वा सो सरह उतीर्ण | गाउँ कार्यपालिकाको कार्यालय |
| २) | सिभिल | सिभिल | गाउँ कार्यपालिकाको |

| | | | |
|---|---|---|---|
| | इन्जिनियर | इन्जिनियरिङमा स्नातक उत्तीर्ण | कार्यालय |
| ३) | सब इन्जिनियर | इन्जिनियरिङ विषयमा प्रवीणता प्रमाणपत्र उतीर्ण | गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय |
| ४) | अ.स.इ. | सि.टि.इ.भि.टी.द्वारा सञ्चालित टि.एस.एल.सी. उतीर्ण | गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय |
| ५) | कम्प्यूटर प्रशिक्षक | एस.एल.सी. वा सो सरह उतीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ६ महिना कम्प्यूटर तालिम लिएको | गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा |
| ६) | स्वयंसेवक शिक्षक | सम्बन्धित तहमा आवश्यक न्यूनतम् शैक्षिक योग्यता हासिल | गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा |
| ७) | सामुदायिक सहजकर्ता | एस.एल.सी. वा सो भन्दा माथि | वडा कार्यालयहरुमा |
| ८) | कृषि प्राविधिक | ३ वर्षे वा १८ महिने कृषि सम्बन्धी विषय तहमा उतीर्ण | गाउँपालिकाले खटाएको स्थान |
| ९) | पशु प्राविधिक | ३ वर्षे वा १८ महिने पशु सम्बन्धी विषय तहमा उतीर्ण | गाउँपालिकाले खटाएको स्थान |
| १०) | सामुदायिक शिक्षक | मागमा आधारित विषयका आधारमा नेपाल सरकारले तोकेको न्यूनतम् योग्यता | गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा |

| | | | |
|---|---|---|---|
| ११) | OJT/internship | शैक्षिक कोर्ष पूरा गरी प्रयोगात्मक कोर्षका लागि अध्ययनरत संस्थाको पत्रका आधारमा | गाउँपालिका भित्रका सम्बन्धित संस्थामा |

(२) स्वयंसेवकहरुले उपरोक्तानुसारका कार्य क्षेत्रका अलावा आवश्यक परेमा अन्य कार्यक्षेत्रमा समेत सेवा गर्न सक्नेछन् ।

(३) अन्य क्षेत्रहरुमा स्वयंसेवक परिचालन गर्नुपरेमा स्रोतको सुनिश्चिताका आधारमा आवश्यक संख्या गाउँ कार्यपालिकाले समेत तोक्न सक्नेछ ।

**९ परिचालनको मोडालिटीः** सशक्त भूमे स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा देहायको मोडालिटीका आधारमा गरिनेछः

**(क) दक्षता र आवश्यकताका आधारमा खटाउने मोडालिटी**

(१) छनौट प्रक्रिया पूरा भएपछि स्वयंसेवकहरुलाई नियुक्त गरी निजको शैक्षिक योग्यता, कार्य दक्षता र आवश्यकताका आधारमा खटाइनेछ ।

(२) संयोजक बाहेक खटिएका स्वयंसेवकहरुको अनुगमनको प्रारम्भिक जिम्मेवारी स्वयंसेवा संयोजकको हुनेछ ।

**(ख) पुरानाले नयाँलाई सिकाउने मोडालिटी**

(१) दुई वा दुई भन्दा बढी स्वयंसेवक एकै ठाउँमा खटाउनु परेमा भौगोलिक सहजता र सम्भाव्यताका आधारमा अनुभवी स्वयंसेवक र नवनियुक्त स्वयंसेवक मिलाएर खटाइनेछ ।

(२) अनुभवीले नवनियुक्त स्वयंसेवकसँग अनुभव आदानप्रदान गर्नुका साथै आवश्यक सहयोग गर्नु निजको कर्तव्य हुनेछ ।

(३) नवनियुक्त स्वयंसेवकको प्रारम्भिक मूल्याङ्कन पुराना स्वयंसेवक र स्वयंसेवा संयोजकको हुनेछ ।

**(ग) आवद्धता (OJT/internship) परिचालन मोडालिटी**

विभिन्न शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा अध्ययन/तालिम गरिरहेका र निर्धारित परीक्षा उतीर्ण गर्न OJT/internship को रुपमा अनिवार्य कार्य गर्नुपर्ने शैक्षिक प्रावधान भए अनुसार त्यस्ता संस्थाहरुबाट सिफारिश भई आएका प्रशिक्षार्थीहरुलाई निश्चित अवधिका लागि OJT Volunteer का रुपमा खटाइनेछ । सो अवधिमा शर्तमा आधारित भएर अन्य स्वयंसेवक सरह सेवा सुविधा समेत उपलब्ध गराइनेछ ।

**१०. आवेदन सम्बन्धी व्यवस्था** (१) भूमे स्वयंसेवा कार्यक्रम अन्तर्गत स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिहरुका लागि तोकिएको विषय क्षेत्र र पदमा आवेदन दिन सक्नेछन् ।

(२) स्वयंसेवा कार्यक्रमको प्रारम्भमा पहिलो चरणमा आवेदन सूचीकरणका लागि सार्वजनिक सूचना गरिनेछ ।

(३) आगामी दिनमा योग्यता पुगेका इच्छुक व्यक्तिले स्वयंसेवा गर्न चाहेमा कार्यपालिकाको कार्यालयमा निवेदन दिएर सूचीकृत हुन सक्ने र सूचीकरण भएका प्रत्यासी स्वयंसेवकहरुको नामावली नियमित रूपमा प्रकाशन गर्ने व्यवस्था कार्यालयले मिलाउनुपर्नेछ ।

(४) स्वयंसेवा गर्न चाहनेहरुका लागि निकट भविष्यमा अनलाईन आवेदन र जानकारीको व्यवस्था समेत मिलाइनेछ ।

**११. स्वयंसेवकको नियुक्ति तथा अनुमतिः** (१) स्वयंसेवकहरुको नियुक्ति/अनुमतिको निर्णय कार्यकारी समितिको संयोजकबाट हुनेछ ।

(२) सूचीकरण र छनौट तथा अनुमति प्रदान गरिसकेपछि स्वयंसेवकलाई जिम्मेवारी सहितको नियुक्तिपत्र वा अनुमति पत्र प्रदान गर्नुपर्नेछ ।

(३) पत्र प्राप्त गरेपछि स्वयंसेवकहरुले आफूलाई सुम्पेको जिम्मेवारी बहन गर्न ७ दिनभित्र तोकिएको स्थानमा खटिई आवश्यकताका आधारमा कार्यसम्पादन गर्नुपर्नेछ । खटाएको स्थान र कार्यालयका सम्बन्धमा सम्बन्धित वडा कार्यालयलाई समेत जानकारी गराइनेछ। सम्भव भएसम्म स्वयंसेवकहरुको क्षमता विकास तथा प्रभावकारी योगदान दिने वातावरण निर्माण गर्न अभिमुखीकरण तथा सीपमूलक तालिम/सेमिनारहरुको व्यवस्था गरिनेछ ।

(४) अन्तिम सूचना प्रकाशन भएको १५ दिनभित्र नियुक्ति/अनुमति पत्र नबुझे स्वतः रद्द हुनेछ ।

**१२ स्वयंसेवकको क्षमता विकासः** (१) स्वयंसेवा कार्यक्रममा सरिक हुन चाहने जनशक्तिको नियुक्ति तथा अनुमति पश्चात स्वयंसेवकहरुको वैयक्तिक तथा सामूहिक कार्य कौशलतामा गुणस्तरीय विकास गर्न समय समयमा पुनर्ताजगीकरण, अभिमुखीकरण, विषयगत तथा विशिष्ट तालिम जस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रमहरु आयोजना गरिनेछ ।

(२) पुरानाले नयाँलाई सिकाउने, कार्यस्थल क्षमता विकास तथा अनुभव आदानप्रदान कार्यक्रमलाई समेत प्राथमिकता दिइनेछ ।

**१३. स्वयंसेवकको अवकाशः** स्वयंसेवा कार्यक्रम कार्यकारी समितिले आफू अन्तर्गत परिचालित स्वयंसेवकहरुलाई देहायको अवस्थामा अवकास दिन सक्नेछः

क) नेपाल सरकार तथा स्थानीय तहको सरकारलाई भौतिक वा अभौतिक नोक्सानी हुने किसिमको क्रियाकलाप गरेमा

ख) दुई वर्षको कार्य अवधि पूरा भएमा

ग) खटाएको कार्यस्थलमा समयमा नियमित हाजिर नभएमा

घ) राष्ट्र, संविधान र प्रचलित कानून तथा सामाजिक सद्भाव विरुद्धको क्रियाकलापमा सरिक भएमा

ङ) धर्म, सम्प्रदाय, दल वा खास समूह विशेष पूर्वाग्रह राखेमा

च) शान्ति, अमनचयन, सामाजिक मूल्य मान्यता, धार्मिक सहिष्णुता, व्यक्तिगत स्वतन्त्रता तथा मानव अधिकारलाई खलल पुग्ने किसिमका क्रियाकलाप गरेमा

छ) स्वयंसेवाको मर्म विपरित कार्य गरेमा वा सन्तोषजनक कार्यसम्पादन नगरेमा ।

## परिच्छेद चार

## सुविधा तथा सेवा शर्त

**१४. कार्य अवधिः** सामान्यतया स्वयंसेवकहरुको कार्य अवधि नियुक्ति भएको मितिले १ वर्षको हुनेछ । निजको कार्यसम्पादनका आधारमा कार्यकारी समितिले आवश्यक ठहराएमा औचित्यताका आधारमा बढीमा थप १ वर्ष

म्याद थप्न सकिने छ। यसरी एक जना स्वयंसेवकको कार्य अवधि निरन्तर रुपमा अधिकतम् २ वर्षको हुनेछ । तर कुनै पनि सुविधा नलिने स्वयंसेवकको हकमा कार्यकारी समितिले औचित्यताका आधारमा दुई वर्षभन्दा बढी म्याद थप गर्न सक्नेछ ।

## १५. बिदा सम्बन्धी व्यवस्थाः

स्वयंसेवकहरुलाई आफ्नो कार्य अवधिमा आवश्यक परेका बेला लिने गरी र बिदाको अवधि नाघेमा निर्वाह भत्ताबाट कट्टा हुने र बचत भएमा एकमुस्त रकममा भुक्तानी हुने गरी देहाय बमोजिमको बिदाहरुको व्यवस्था गरिएको छः

| क्र.सं. | बिदाको प्रकार | अवधि | कैफियत |
|---|---|---|---|
| १ | घर बिदा | रुजू हाजिरको आधारमा वर्षमा २४ दिन | |
| २ | बिरामी बिदा | रुजु हाजिरको आधारमा वर्षमा १२ दिन | |
| ३ | क्रिया बिदा | आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन | |
| ४ | प्रसुति बिदा | सुत्केरी हुनुभन्दा अघि र पछि गरेर ६० दिन | महिलाको हकमा मात्र |
| ५ | प्रसुति स्याहार बिदा | सुत्केरी हुनुभन्दा अघि र पछि गरेर ७ दिन | पुरुषको हकमा मात्र |

- **बिदा स्वीकृति लिएर मात्र बिदामा बस्नुपर्नेः** स्वयंसेवकहरुले कार्यकारी अधिकृत वा निजले तोकेको व्यक्तिबाट बिदा स्वीकृति गराएर मात्र बिदामा बस्नुपर्नेछ ।

- **बिदा सञ्चित नहुनेः** एक आर्थिक वर्षभित्र पाउने बिदा सोही आर्थिक वर्षभित्रमा उपभोग नगरेमा बिदा सञ्चित हुने छैन ।

**१६. निर्वाह भत्ताः** (१) समृद्ध र सक्षम भूमे निर्माण अभियानमा सरिक हुने स्वयंसेवकहरुलाई परिवेश र बजारका आधारमा आधारभूत निर्वाहका लागि सामान्यतया एउटा व्यक्तिलाई दैनिक जीवन धान्न पुग्ने गरी व्यवस्था गर्न सकिनेछ ।

(२) निर्वाह भत्ता निर्धारण गर्दा स्वयंसेवा गर्न चाहने व्यक्तिको विषयक्षेत्रगत सीप, शैक्षिक योग्यता र उपलब्धताका आधारमा निर्देशक समितिले निर्णय गरी औचित्यताका आधारमा निर्कारण गर्न सक्नेछ । यस्तो भत्ता स्वयंसेवकहरुको रुजु हाजिरी र कार्यसम्पादन मूल्याङ्कनका आधारमा गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखाले सिधै सम्बन्धित स्वयंसेवकको बैंक खाता वा सम्बन्धित संस्थाको खातामा भुक्तानी गरिदिनुपर्नेछ ।

(३) स्वयंसेवा कार्यक्रम कार्यकारी समितिको सिफारिश, निर्देशक समितिको निर्णय र गाउँ कार्यपालिकाको अनुमोदन तथा गाउँसभाको स्वीकृति बमोजिम स्वयंसेवा कार्यक्रममा सरिक स्वयंसेवकहरुको आर्थिक वर्ष २०७४।०७५ देखि लागू हुने गरी निर्वाह भत्ता देहाय बमोजिम निर्धारण गरिएको छ ।

| **क्र.सं.** | **पद** | **सीप तथा शैक्षिक योग्ता** | **मासिक निर्वाह भत्ता** | **कैफियत** |
|---|---|---|---|---|
| १. | स्वयंसेवा कार्यक्रम संयोजक | स्नातक वा सो सरह उतीर्ण वा सो भन्दा माथि | २२००० | संयोजक भत्ता थप १०००।- |

| | | | | |
|---|---|---|---|---|
| २. | स्वयंसेवक (प्राविधिक मात्र) | स्नातक वा सो सरह उतीर्ण वा सो भन्दा माथि | २२००० | |
| ३. | स्वंसेवक शिक्षक (मावि) | स्नातक वा सो सरह उतीर्ण वा सो भन्दा माथि | १८००० | |
| ४. | स्वयंसेवक | प्रवीणता प्रमाणपत्र तह उतीर्ण (प्राविधिक) | १४००० | |
| ५. | स्वयंसेवक | प्रवीणता प्रमाणपत्र तह उतीर्ण (अप्राविधिक) | १३००० | |
| ६. | स्वयंसेवक | प्रवेशिका परीक्षा उतीर्ण (प्राविधिक) | ११००० | |
| ७. | स्वयंसेवक | प्रवेशिका परीक्षा उतीर्ण | १०००० | |
| ८. | स्वयंसेवक | साधारण लेखपढ | ८००० | |

**१७. भ्रमण खर्चः** स्वयंसेवकहरुलाई खटिएको स्थानबाट अन्यत्र गोष्ठी, सेमिनार, तालिम, कार्यक्रमहरुमा भाग लिन आउँदा/जाँदा तोकिए बमोजिमको भ्रमण खर्च उपलब्ध गराइने छ । स्वयंसेवकले यात्रा गरे वापत प्रचलित दरको भाडा सहित दैनिक ५००।– रुपैयाँ दैनिकभत्ता उपलब्ध गराइने छ ।

## १८. कार्य शर्त (TOR)

स्वयंसेवा कार्यक्रममा परिचालित प्रत्येक स्वयंसेवकहरुले स्वयंसेवा कार्यक्रम कार्यकारी समितिद्वारा निर्धारित कार्यशर्त बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ । यस्ता कार्यशर्तहरु स्वयंसेवकहरुको विषयक्षेत्र र पद अनुसार फरक-फरक

हुन्छन् । कार्य प्रकृति अनुसारका कार्यशर्तहरु स्वयंसेवकहरुलाई नियुक्ति पत्रका साथ संलग्न गरी प्रदान गरिनेछ ।

## परिच्छेद पाँच

## स्रोत व्यवस्थापन तथा परिचालन

### १९. वित्तीय स्रोत व्यवस्थाः

भूमे गाउँपालिकामा हुने विकास क्रियाकलापमा यही क्षेत्रमा भएको ज्ञान सीप र क्षमताको सदुपयोग गरी भौतिक पूर्वाधारका साथसाथै सामाजिक विकासमा स्वयंसेवकहरुको व्यापक परिचालन गर्नुका साथै स्वयंसेवा कार्यक्रममा सहभागी हुने जनशक्ति थप सशक्त बनाउनु यस कार्यक्रमको लक्ष्य भएकाले कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय स्रोत गाउँपालिकाबाटै व्यवस्था हुनेछ । स्वयंसेवा कार्यक्रमलाई थप प्रभावकारी र व्यापक बनाउन आवश्यक पर्ने वित्तीय तथा मानवीय सहयताका लागि योजना र प्राथमिकताका आधारमा सरोकारवाला निकाय तथा दातृ निकायहरुसँग सम्झौता र समन्वय गरिनेछ ।

### २०. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

(१) स्वयंसेवा कार्यक्रमलाई प्रभावकारी र फलदायी बनाउने अन्तिम जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ ।

(२) कार्यक्रमलाई चुस्त दुरुस्त बनाउन स्वयंसेवा निर्देशक समिति तथा स्वयंसेवा परिचालन कार्यकारिणी समितिको मातहतमा रहने गरी एकजना स्वयंसेवक परिचालन संयोजक रहनेछ ।

(३) संयोजकले आफ्नो जिम्मेवारी र कार्यादेश बमोजिम हरेक स्वयंसेवकहरुको कार्यहरुको स्थलगत अनुगमन गरेर अभिलेखवद्ध गरी नियमित रुपमा कार्यकारिणी समिति र गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) प्रतिवेदनका आधारमा समग्र पृष्ठपोषण र नियमित अनुगमनका आधारमा तत्काल पृष्ठपोषण दिई कार्यसम्पादनमा सुधार गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(५) स्वयंसेवक परिचालनका क्षेत्रमा तेस्रो पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरी पृष्ठपोषण लिने र उपयुक्तता र सान्दर्भिकताका आधारमा यस कार्यक्रमलाई थप सुधार र परिमार्जन व्यवस्थित गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

## परिच्छेद छ

## सहकार्य र साझेदारी

**२१. सहकार्य र साझेदारीः** (१) स्वयंसेवा कार्यक्रमलाई समयसापेक्ष बनाउन समयले मागेअनुरुपको स्वयंसेवकहरुको क्षमता विकास, सकारात्मक सौँचको विकास, समर्पण भाव विकास जस्ता पक्षलाई जोड दिन तथा आवश्यकताका आधारमा स्वयंसेवकहरुलाई अधिकतम् परिचालन गर्न अन्तर गाउँपालिका, प्रदेश तथा संघीय सरकार र अन्य निकायसँग सहकार्य र साझेदारी गर्न सकिनेछ ।

(२) राष्ट्र विकासका लागि स्वयंसेवा कार्यक्रमलाई आवद्ध गरी दिगो विकासमा टेवा पुऱ्याउन सरोकारवाला विभिन्न विषयगत निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ/संस्था, निजी क्षेत्र लगायतका सबै क्षेत्र/निकाय/सरोकारवालाहरुसँग देहायका आधारमा रहेर सहकार्य तथा साझेदारीको नीति अवलम्बन गर्नुपर्नेछः

(क) समान कार्य प्रकृति भएका अन्य निकायसँग स्वयंसेवक आदान प्रदान

(ख) सामान्य रुपले प्राप्त गर्न नसकिने प्राविधिक जनशक्तिहरुको प्राप्ति

(ग) स्वयंसेवा कार्यक्रमको प्राथमिकता बमोजिम सञ्चालन गर्न प्राप्त हुने कुनै पनि अनुदान, सहयोग प्राप्ति

(घ) स्वयंसेवा कार्यक्रम सञ्चालनका लागि भौतिक तथा मानवीय सहयोग प्राप्ति

(ङ) स्वयंसेवा कार्यक्रमको सान्दर्भिकता तथा यसले पारेको प्रभावका सम्बन्धमा अध्यनन अनुसन्धान

## परिच्छेद सात

## विविध

**२१. जिम्मेवारी तथा उत्तरदायित्वः** (१) गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि स्थापित भूमे स्वयंसेवा कार्यक्रमलाई व्यवस्थित, मर्यादित र प्रभावकारी रुपमा सञ्चालन गर्ने जिम्मेवारी सबै जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक, स्थानीयबासी सबैको हुनेछ ।

(२) स्वयंसेवकहरु आफूलाई तोकिएको कार्यका लागि व्यक्तिगत रुपमा संयोजक, प्रमुख प्रशासकीय अधिकृत र गाउँ कार्यपालिका प्रति उत्तरदायी हुनेछन् ।

**२२. अधिकार प्रत्यायोजनः** (१) निर्देशक समितिकले आफ्नो केही अधिकार कार्यकारी समिति र कार्यकारी समितिले आफ्नो केही अधिकार स्वयंसेवा संयोजकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२३. थपघट, हेरफेर वा संशोधनः** (१) गाउँ कार्यपालिकाले यस नियमावलीलाई आवश्यकतानुसार थपघट वा हेरफेर वा आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपनियध (१) बमोजिम संशोधन वा हेरफेर वा संशोधन गरेको विषयको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नुपर्नेछ।

**२४. बाधा अड्काउ फुकाऊः** यो नियम कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस नियमावलीको भावना प्रतिकूल नहुने गरी कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

# अनुसूची १

## स्वयंसेवकको उत्तरदायित्व र जिम्मेवारी

(क) उत्तरदायित्व

समृद्ध भूमे निर्माण अभियानमा स्वयंसेवकहरुको भूमिका र उत्तरदायित्व अन्य व्यक्तिको भन्दा पृथक हुने गर्दछ । सार्वजनिक सेवा प्रवाहमा सहजीकरण देखि विकास निर्माण र समाजमा रहेका मानिसहरुको आचरण परिवर्तन, सकारात्मक सौँचको विकास लगायतका क्षेत्रमा आफ्नो कार्यक्षेत्र मानेर पेशागत अनुशासन र आचरण, मर्यादाभित्र रहेर जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । यसरी स्वयंसेवकको उत्तरदायित्व आफूलाई परिचालन गर्ने निकाय, खटिएको कार्यालय र आम सरोकारवाला जनसमुदायप्रति हुन्छ ।

(ख) जिम्मेवारी

स्वयंसेवा कार्यक्रमलाई प्रभावकारी रुपमा परिचालन गर्न स्वयंसेवक संयोजकको भूमिका अत्यन्त महत्वपूर्ण हुने गर्दछ । तसर्थ स्वयंसेवक संयोजकको मुख्य मुख्य जिम्मेवारीहरु देहाय बमोजिम हुने व्यवस्था गरिएको छः

- स्वयंसेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यक्रमगत योजना तर्जुमा गर्ने ।
- स्वयंसेवा कार्यक्रमसँग सम्बन्धित अभिलेख, तथ्याङ्क तथा कागजातहरु सुरक्षित गरी डिजिटाइज गर्ने र जिम्मेवारीमुक्त हुँदा प्रतिवेदन सहित यथोचित हस्तान्तरण गर्ने ।
- स्वयंसेवक र स्वयंसेवा कार्यक्रम निर्देशक समिति तथा कार्यकारिणी समितिबीचको सम्बन्ध सेतुको रुपमा कार्य गर्ने । सो सम्बन्धी प्रशासनिक कार्य समेत गर्ने ।

- स्वयंसेवकहरुको खटनपटन तथा जिम्मेवारी हेरफेर सम्बन्धमा प्रारम्भिक योजना गर्ने । सोका लागि आवश्यक तथ्याङ्क तथा विवरण संकलन, मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
- स्वयंसेवकहरुको कार्यसम्पादनसँग सम्बन्धित तथ्याङ्क/अभिलेख अद्यावधिक गरी नियमित प्रतिवेदन गर्ने । परिचालन सम्बन्धमा कुनै समस्या पर्न गएमा तत्काल कार्यकारी समितिलाई जानकारी गराउने ।
- खटिएका सम्पूर्ण स्वयंसेवकहरुको प्रगति विवरण तयार गरी कार्य प्रगति तथा औचित्यताको विश्लेषण गरी मासिक तथा चौमासिक प्रतिवेदन गर्ने ।

फिल्ड स्तरमा योजना कार्यान्वयन गर्न विषयक्षेत्रगत रुपमा खटिएका स्वयंसेवकहरुको बढी भूमिका हुने गर्दछ । सामान्यतया स्वयंसेवकहरुको जिम्मेवारी देहायबमोजिम हुने व्यवस्था गरिएको छः

(क) कार्यगत जिम्मेवारी

खटाएको कार्यक्षेत्र र आफूलाई दिइएको जिम्मेवारी सम्बन्धित कार्यशर्त (TOR) मा तोकिएका कार्यहरु सम्पादन गर्नु सम्बन्धित स्वयंसेवकहरुको कार्यगत जिम्मेवारी हुनेछ ।

(ख) थप जिम्मेवारी

सम्बन्धित कार्यशर्त (TOR) मा तोकिएका जिम्मेवारीहरूका अलावा स्वयंसेवकहरुले स्थानीय स्तरमा सम्पादन गर्नुपर्ने थप जिम्मेवारीहरु देहाय बमोजिम रहेका छन्

- माटो र हावापानी सुहाउँदो स्रोत साधन परिचालन गर्न आफूमा भएको ज्ञान सीप र अवधारणालाई स्थानीय

समुदायमा हस्तान्तरण गर्ने । त्यस्तो कार्यको विवरण आफ्नो डायरीमा अभिलेखवद्ध गर्ने ।

- सार्वजनिक हितका लागि सामुदायिक संस्था, उपभोक्ता समिति/समूह निर्माण तथा परिचालनमा सहजकर्ताको रुपमा कार्य गर्ने ।
- स्थानीय तहका संघ संस्था तथा समूहहरुलाई सचेत एवम् जागरुक तुल्याएर योजना तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण एवं सहयोग गर्ने ।
- आफू कार्यरत निकायहरुको स्रोत-साधन परिचालन तथा उपभोगमा सघाउ पुऱ्याउने ।
- सामाजिक कूरीति, विकृति र विसङ्गति अन्त्य गर्न तथा सामाजिक प्रथाहरुको संरक्षण गर्न सामाजिक सचेतना अभिवृद्धिमा सहयोग गर्ने ।
- राष्ट्रिय दिवस/उत्सव तथा स्वयंसेवाको प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरुमा सक्रिय सहभागी हुने ।

## अनुसूची दुईः

## स्वयंसेवकले पालना गर्नुपर्ने आचरणहरु

समृद्ध भूमे निर्माण लागि स्थानीय तहको सरकारको तर्फबाट एक्लो प्रयासले पूरा हुने कुरा होइन । भूमे गाउँसभा र गाउँ कार्यपालिकाको नीतिगत, कार्यक्रमगत प्रयासलाई सबै सरोकारवाला पक्षबाट होस्तेमा हैसे गरेमा समृद्धिको गन्तव्यमा पुग्न कठिन पक्कै छैन । अझ यस क्षेत्रका यूवा वर्ग अझ जसले स्वयंसेवा मार्फत यस अभियानलाई टेवा पुऱ्याउन खोज्दै हुनुहुन्छ । उहाँहरुको योगदान र भूमिका अवश्य अहम हुने गर्दछ। यस सन्दर्भमा स्वयंसेवा कार्यक्रममा सरिक हुने व्यक्तित्वको चालचलन, बानी ब्यहोरा आचरणले हाम्रो समाज र भविष्यका कर्णधारहरुमा अवश्य छाप पार्ने भएकाले स्वयंसेवकहरुले अनिवार्य पालना गर्नुपर्ने आचरणहरुको व्यवस्था देहाय बमोजिम गरिएको छः

- शिष्ट, नम्र, सदाचारी, इमान्दार र पारदर्शी व्यवहारको अवलम्बन गर्नुपर्ने ।
- राष्ट्र, राष्ट्रियता, सरकार, संगठन तथा सामाजिक मूल्य मान्यताहरु प्रति सम्मानजनक भावना राख्नुपर्ने ।
- अरुको स्वाभिमान, अस्तित्व र व्यक्तिगत जिवनमा खलल पुग्ने खालका क्रियाकलाप गर्न नहुने ।
- धर्म, सम्प्रदाय, दलगत आस्था र सम्बद्धताबाट आफ्नो काममा प्रभाव पर्न दिन नहुने ।
- स्वयंसेवालाई कुनै विशेष स्वार्थ पूर्तिको माध्ययम बनाउन नहुने ।
- सेवा र शर्तको अधीनमा रही सुविधाभोगी भन्दा सेवामुखी स्वार्थ रहित ढङ्गले अभियानलाई सघाउनु पर्ने ।
- आफूलाई दिइएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुपर्ने ।

# अनुसूची ३

## असल स्वयंसेवकमा हुनुपर्ने गुणहरु

स्वयंसेवक शब्दबाट नै प्रष्ट हुन्छ कि कसैको करकापबाट लादिएर वा स्वार्थ पूर्तिका लागि भन्दा पनि स्वतःस्फूर्त काममा सहभागी हुनु अर्थात आफै सेवा गर्न अग्रसर हुनु हो । खासगरी सेवाको भावना भएका त्याग र समर्पणले ओतप्रोत तत्पर व्यक्तिहरुले मात्रै स्वयंसेवकको भूमिका निर्वाह गर्न सक्छन् । उनीहरुमा आम मानिसभन्दा भिन्न सोंच र सकारात्मक उद्देश्य सहित इमान्दारिता, सामाजिक हितमा समर्पित हुन्छन् । एक किसिमले भन्ने हो भने स्वयंसेवक समाजका नेता वा नाइके हुन् । समाज परिवर्तनका Role Model र Moderator का रुपमा समेत स्वयंसेवकलाई बुझ्न सकिन्छ । तसर्थ असल स्वयंसेवकमा हुनुपर्ने केही गुणहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

VOLUNTEER

V = Visionary, Volatile:

O = Obedient

L = Leader of Society

U = Ultra Power of Development

N = Negotiable

T = Team Player

E = Enthusiasm, Empowering capacity

E = Energetic, Equipment of Development

R = Role Model of Reliability

- Commitment
- Creative
- Flexibility
- Humanity
- Integrity
- Inter-Dependent
- Tactful Teacher
- Passionate
- Patience